**नेपाल सरकार**

# शान्ति तथा पुनर्निर्माण मन्त्रालय

**सिंहदरवार, काठमाण्डौ**

## मन्त्रालयबाट हालसम्म सम्पादन भएका मुख्य मुख्य कार्यहरु

### १. मन्त्रालयबाट सञ्चालित कार्यक्रम आयोजनाको विवरण

१. शान्ति तथा पुनर्निर्माण मन्त्रालय
२. शान्ति कोष
३. पुनर्निर्माण तथा पुनर्स्थापन कार्यक्रम
(क) भौतिक पूर्वाधार पुनर्निर्माण
(ख) राहत तथा पुनर्स्थापन
४.शान्ति प्रकृया सहयोग आयोजना
५. स्थानीय शान्ति समिति
६. द्वन्द्व प्रभावित क्षेत्र विशेष कार्यक्रम
७. शान्तिका लागि विकास कार्यक्रम
८. शिविर व्यवस्थापन

### २. प्रमुख उपलब्धीहरू

### २.१. शान्ति तथा पुनर्निर्माण मन्त्रालयतर्फ :

- बेपत्ता पारिएका व्यक्तिको छानविन, सत्य निरुपण तथा मेलमिलाप आयोग ऐन, २०७१ संसदबाट पारित भै मिति २०७१।१।२८ मा सम्माननीय राष्ट्रपतिज्यूबाट प्रमाणीत भैसकेको । उक्त ऐन अन्तर्गत गठन हुने आयोगका पदाधिकारीको नाम सिफारिस गर्न पूर्व प्रधानन्यायाधीश, ओमभक्त श्रेष्ठको अध्यक्षतामा शान्तिदेवी (पौडेल) खनाल, प्रा.डा. श्री घनश्याम लाल दास र प्रदिप पोखरेल सदस्य रहेको सिफारिस समिति गठन भै कार्य गरिरहेको । सिफारिस समितिले वेपत्ता पारिएका व्यक्तिको छानवीन आयोग वा सत्य निरुपण तथा मेलमिलाप आयोगको पदाधिकारीहरु सिफारिस गर्न गठित सिफारिस समितिको छनौट प्रकृया, २०७१ मिति २०७१।५।२६ मा स्वीकृत गरी सार्वजनिक गरेको र सो वमोजिमको प्रकृया शुरु भएको ।
- भ्रष्टाचार विरुद्धको रणनीति तथा कार्ययोजना कार्यान्वयनमा ल्याइएको ।
- स्थानीय स्तरमा शान्ति सन्देश फैलाउने उद्देश्यले रेडियो नेपाल, नेपाल टेलिभिजन र स्थानीय स्तरका एफ.एम. हरुबाट शान्ति प्रवर्द्धन सम्बन्धी गतिविधि प्रशारण भईरहेको ।
- सशस्त्र द्वन्द्वबाट प्रभावित बालबालिकाको पुनःस्थापन एवं पुनःएकीकरणको लागि राष्ट्रिय कार्ययोजना नेपाल सरकार (मन्त्रिपरिषद्) बाट मिति २०६७ पुष १४ गते स्वीकृत भई सो को कार्यविधि, २०७० समेत मन्त्रालयबाट स्वीकृत भएको ।
- सरकारी वार्ता टोली र विभिन्न ५७ वटा समूहहरुसँग वार्ता भई सहमति कायम भएको जसमध्ये २१ वटा विभिन्न सशस्त्र समूहहरुले हालसम्म ३३८ थान हातहतियार नेपाल सरकारलाई बुझाएका ।
- निर्वाचन आयोगबाट फोटोसहितको मतदाता नामावली संकलन तथा दोस्रो संविधानसभाको निर्वाचन कार्यको लागि ७ अर्ब ७५ करोड ६४ लाख ९३ हजार रकम उपलब्ध गराइएको ।

- गृह मन्त्रालय अन्तर्गत नागरिकता वितरण घुम्ति टोली कार्यक्रमका लागि रु. ९ करोड ३५ लाख १५ हजार रकम उपलब्ध गराइएकोमा सो घुम्ति टोलीले १,८१,७१३ नेपाली नागरिकताको प्रमाण पत्र वितरण गरेको ।
- द्वन्द्वकालमा विच्छ्याइएका सम्पूर्ण ५३ स्थानका बारुदी सुरुङ्ग र ३४१ स्थानका Improvised Explosive Devices (IED) Field हरु नष्ट गर्ने कार्य सम्पन्न भएको । हालसम्म ५० जिल्लाका समुदाय र २९ जिल्लाका विद्यालयमा बारुदी सुरुङ जोखिम शिक्षा कार्यक्रम संचालन गरिएको ।
- पुनर्निर्माण, पुनःस्थापन एवं राहत वितरण कार्यको प्रभावकारी अनुगमनको लागि पाँचै विकास क्षेत्रमा मन्त्रालयका पाँच जना सहसचिवहरुको संयोजकत्वमा छुट्टा छुट्टै अनुगमन टोली गठन गरी अनुगमनको कार्यलाई प्रभावकारी बनाइएको ।
- **सहमति सम्झौता कार्यान्वयन सिफारिस आयोग, २०७१ सम्वन्धी**

शान्ति तथा पुनर्निर्माण मन्त्रालय स्थापना पश्चात् नेपाल सरकार र विभिन्न ५७ समूह/पक्षहरुसँग भएका सहमति सम्झौताहरुको अध्ययन, विश्लेषण गरी कार्यान्वयन अवस्थाको पहिचान गर्न नेपाल सरकार (मन्त्रिपरिषद्) को मिति २०७१।३।२ को निर्णय वमोजिम पुनरावेदन अदालतका पूर्व मुख्य न्यायाधीश श्री केशव प्रसाद मैनालीको अध्यक्षतामा “शान्ति तथा पुनर्निर्माण मन्त्रालय स्थापना पश्चत भएका सहमति/सम्झौता कार्यान्वयन सिफारिस आयोग, २०७१” गठन गरिएको । उक्त आयोगले मिति २०७१।५।१९ मा कार्यान्वयन सिफारिस प्रतिवेदन सम्माननीय प्रधानमन्त्रीज्यू समक्ष पेश गरिसकेको र सो प्रतिवेदन कार्यान्वयन गर्ने नेपाल सरकारले निर्णय गरिसकेको छ ।

### २.२. शान्ति कोषतर्फ :

#### (क) द्वन्द्वको क्रममा क्षति भएका प्रहरी चौकीहरुको पुनर्निर्माण

नेपाल प्रहरीले कार्यान्वयन गरिरहेको प्रहरी इकाइ पुनर्निर्माण आयोजना अन्तर्गत पहिलो चरणमा १०० वटा, दोस्रो चरणमा ९३ मध्ये ८५ वटा निर्माण भई बाँकी निर्माण भइरहेको छ र तेस्रो चरणमा ९० वटा इकाइहरु मध्ये १६ वटा निर्माण सम्पन्न भइसकेका छन् । हालै स्वीकृत प्रभावकारी सेवा प्रवाह र प्रहरीको क्षमता अभिबृद्धिका लागि प्रहरी इकाई पुनर्निर्माण आयोजनाको पहिलो चरणमा ४३ वटा प्रहरी इकाइहरु निर्माण गर्ने लक्ष्य रहेकोमा अहिले प्रारम्भिक चरणमा रहेको छ ।

#### (ख) संयुक्त राष्ट्र संघ सुरक्षा परिषदको प्रस्ताव १३२५ र १८२० सम्बन्धी राष्ट्रिय कार्ययोजनाको कार्यान्वयन

संयुक्त राष्ट्र संघ सुरक्षा परिषदबाट पारित द्वन्द्व पीडित महिला तथा बालबालिकासँग सम्बन्धित प्रस्ताव नं. १३२५ र द्वन्द्वको क्रममा यौन हिंसामा परेका महिला तथा बालिका सम्बन्धी प्रस्ताव नं. १८२० को कार्यान्वयनको लागि स्वीकृत १० वटा आयोजनामध्ये २ वटा आयोजना सम्पन्न भई अहिले ८ वटा आयोजना संचालनमा रहेका छन् । यी आयोजनाहरु अन्तर्गत अन्तर्क्रिया तथा अभिमुखीकरण, द्वन्द्वपीडित महिला तथा बालिकाकालागि सीपमुलक तालिम, सचेतनामुलक कार्यक्रम, क्षमता विकास कार्यक्रम लगायत राष्ट्रिय कार्ययोजना कार्यान्वयनमा सघाउ पुग्ने क्रियाकलापहरु संचालन गरिएका छन् । यसका लागि कूल ८४ करोड ४५ लाख वजेट स्वीकृत गरिएको छ ।

#### (ग) दिगो शान्ति प्रवर्द्धनका लागि रेडियो तथा टिभि कार्यक्रम

दिगो शान्ति प्रवर्द्धनार्थ रेडियो नेपाल तथा नेपाल टेलिभिजनबाट एक एक वटा आयोजना संचालन गरिएका छन् । रेडियो नेपालबाट शान्ति बहस, शान्तिको लागि रेडियो, रेडियो ड्रामा, शान्ति संवाद जस्ता कार्यक्रमहरु तथा नेपाल टेलिभिजनबाट टेलिसिरियल शान्ति, स्वागतम शान्ति, शान्ति हाजिरी जवाफ कार्यक्रम, शान्ति संगीतयात्रा जस्ता कार्यक्रमहरु संचालनमा रहेका छन् । आ.व २०७१/७२ मा सम्पन्न हुने लक्ष्य राखिएको यी कार्यक्रमका लागि करिब २० करोड बजेट छुट्याइएको छ ।

### (घ) कोषद्वारा संचालित आयोजनाको विवरण

| क.सं. | विषयगत क्षेत्र (क्लस्टर) | सम्पन्न भएका आयोजनाको संख्या | चातु आयोजनाको संख्या | कूल आयोजना | स्वीकृत बजेट (दश लाखमा) |
|---|---|---|---|---|---|
| १ | शिविर व्यवस्थापन तथा माओवादी लडाकूको समायोजन | २० | २ | २२ | ५५३९.८६६४८४ |
| २ | द्वन्द्व प्रभावित व्यक्ति तथा समुदाय | १ | ३ | ४ | १०६४.८३१०७१ |
| ३ | सुरक्षा तथा संक्रमणकालिन न्याय | ३ | १३ | १६ | ४६८६.१७५५७२ |
| ४ | संविधान सभा निर्वाचन तथा राष्ट्रिय तथा स्थानीय स्तरका शान्ति निर्माण पहल | १४ | ९ | २३ | १२१६३.४९७१५१ |
| | **जम्मा** | ३८ | २७ | ६५ | **२३४५४.३७०२७८** |
| ५ | प्राविधिक सहयोग (टि सि पूल) | | | | ९३.५७ |
| | | | | | **२३५४७.९४०२७८** |

### २.३. पुनर्निर्माणतर्फ

| क.सं. | आयोजनाको क्षेत्रगत विवरण | माग भएको कूल आयोजना संख्या | माग बमोजिमको लागत अनुमान (रु हजारमा) | पुनर्निर्माण गरिएका आयोजना र खर्च | |
|---|---|---|---|---|---|
| | | | | शुरु (०६३/६४) देखि आ.व. ०७०/७१ सम्म सम्पन्न भएका | खर्च रु. (हजारमा) |
| १ | विद्यालय भवन | २१४९ | ५९७९६२३ | ७७७ | ११०३३१९ |
| २ | गा.वि.स. भवन | २०७२ | ४४००७६७ | ८९१ | १९७४०५४ |
| ३ | सदरमुकाम स्थित सरकारी कार्यालय | ९८६ | ५७२२८४८ | ४३५ | २३८७१३३ |
| ४ | इलाका स्तरीय सरकारी कार्यालयहरु | १०४७ | १८३१०४९ | ३४३ | ४५८९६३ |
| ५ | अन्य विभिन्न आयोजनाहरु | २२२३ | १२२४३९२८ | २३४ | १०८२४०६ |
| ६ | पार्क, स्मारक, नमुनावस्ती निर्माण | २०८ | १२७६०३५ | ६४ | ९२१९९४ |
| ७ | जि.वि.स., न.पा. तथा जिल्ला प्राविधिक कार्यालयहरु | १३० | ४६८२४८५ | ५३ | ४१८८५३ |
| ८ | झोलुङ्गे पुल | १०१ | २१२७८१ | १६ | १४५५१ |
| ९ | कृषि तथा पशु विकाससँग सम्वन्धित आयोजना | | | ४९३ | २७४००९ |
| | **जम्मा** | **८९१६** | **३६३४९५१६** | **३३०६** | **८६३५२८२** |

### २.४ राहततर्फ

राहत तथा आर्थिक सहायता वितरण सम्वन्धी विस्तृत विवरण निम्नानुसार रहेका छ :

| सि.नं. | द्वन्द्वपीडित/राहतको प्रकार | कुल सङ्ख्या | शुरुदेखि हालसम्म राहत प्राप्त गर्ने व्यक्तिको सङ्ख्या र प्रदान गरिएको रकम (रु. हजारमा) | | कैफियत |
|---|---|---|---|---|---|
| | | | सङ्ख्या | रकम | |
| १ | मृतकका हकदारलाई राहत (रु. १ लाख) | १७८८६ | १४३७५ | १४३७५०० | |
| २ | सर्वसाधारण मृतकका एकल महिला (रु. २५ हजारका दरले) | ९००० | ४६४० | ११४१७५ | |
| ३ | बेपत्ता पारिएका व्यक्तिका हकदारलाई राहत (रु. १ लाखका दरले) | १५३० | १५३० | १५३००० | |
| ४ | विस्थापित भएकालाई आर्थिक सहायता | ७९५७१ | २५००० | २४०१४४ | |
| ५ | व्यक्तिगत सम्पत्ति क्षति भएकालाई आर्थिक सहायता | १७४८४ | ९१५४ | ३३३८७६ | |
| ६ | अङ्गभङ्ग अपाङ्ग भएकाहरुलाई आर्थिक सहायता | ८१९१ | ८१९१ | ४८०३७४ | |
| ७ | अपहरणमा परेका व्यक्तिलाई राहत (रु. २५ हजारका दरले) | ३१४२ | ३१४२ | ७८५५० | |
| ८ | जनआन्दोलनका सहिदका परिवारलाई मासिक भत्ता | २६ | २६ | ११२६१.४ | नियमित |
| ९ | जनआन्दोलनका घाइते (५०%) मासिक वृत्ति | ३० | ३० | १०४५५.४ | नियमित |
| १० | जनआन्दोलनका घाइतेहरुका सन्तानलाई छात्रवृत्ति | ३८ | ३८ | २९०५ | नियमित |
| ११ | ऐतिहासिक जनआन्दोलनका घाइतेलाई राहत | ३९८४ | ३२१६ | ४०६४७ | |
| १२ | ५१ प्रतिशतभन्दा माथि अङ्गभङ्ग भएकालाई जीवन निर्वाह भत्ता | ७४४ | ७४४ | १४७२९४ | नियमित |
| १३ | आमाबाबु दुवै गुमाएका टुहुरा बालबालिकालाई राहत | ६२० | ६२० | ९१३३० | नियमित |
| १४ | शान्ति सम्झौता पश्चातका घटनामा परी मृत्यु हुनेका हकदारलाई राहत | ११० | ५९ | ८८५० | |
| १५ | द्वन्द्वपीडितहरुको सीपमूलक तालिम | ३२७ | ३२७ | ५२५० | |
| १६ | **विशेष राहततर्फ :** | | | | |
| (क) | मृतकका हकदारलाई आर्थिक सहायता रु. २ लाख थप | १२००० | १०८२१ | २१३०८४३ | |
| (ख) | बेपत्ता पारिएका व्यक्तिका हकदारलाई राहत (रु. १ लाखका दरले) | १५३० | १५३० | ३०६००० | |
| (ग) | बेपत्ता पारिएका व्यक्तिका पत्नीलाई थप आर्थिक सहायता रु. २५ हजारका दरले (एकमुष्ठ) | १००० | ६४९ | १६२२५ | |
| १७ | मानवअधिकार आयोगको सिफारिस बमोजिम राहत | | १०५ | १४८१५ | |
| १८ | रोजगार/स्वरोजगार | | १४७१८ | ६२८१७२ | |
| | | | जम्मा | ६२५१६६६.८ | |

## २.५. शान्ति प्रकृया सहयोग आयोजना

- सशस्त्र द्वन्द्वका क्रममा मृत्युवरण गरेका मृतकका नजिकका हकदारहरुलाई गत आ.व. २०७०/०७१ सम्ममा रु. १ लाखका दरले १४,३७५ जना, बिशेष राहत अन्तरगत बढिमा थप रु.२ लाखका दरले १८८२ जना र रु. २५ हजारका दरले ४६४० जना सर्बसाधारण मृतकका एकल महिलालाई एकमुष्ट एकपटक आर्थिक सहायता वितरण भएको ।
- कार्यदलको प्रतिवेदनमा नाम समावेश भएका आर्थिक सहायता प्राप्त गर्न बाँकी मृतकका नजिकका हकदारहरुको स्थिति पहिचान कार्य (Tracing) २० जिल्लामा सम्पन्न भएको ।
- हालसम्म दुई चरणमा रोजगार/स्वरोजगार सेवा अन्तर्गत ५४ जिल्लामा १४७१८ जना द्वन्द्वपीडित तथा निजका परिवारहरुलाई रोजगार/स्वरोजगार सेवा प्रदान गरिएको ।
- मनोसामाजिक परामर्श सेवा संचालन सम्बन्धी निर्देशिका, २०७० स्वीकृत भएको ।

## २.६. स्थानीय शान्ति समिति

- आ.व. २०७०/७१ को अन्तसम्ममा ७५ जिल्ला स्तरीय, ५५ नगर स्तरीय र करिब २९०० गाउँ विकास समिति स्तरीय शान्ति समितिहरु गठन भई सक्रिय रुपमा क्रियाशिल रहेका छन ।
- जिल्ला स्तरीय, नगर स्तरीय र गा.वि.स. स्तरीय शान्ति समितिहरुलाई क्रमशः रु. ५ लाख, ५० हजार र २२ हजार उपलब्ध गराइने कार्यक्रमलाई आ.व. २०७१/७२ मा पनि निरन्तरता दिईएको छ । नगर र गा.वि.स. स्तरीय शान्ति समितिहरुलाई आ.व. २०६९/७० देखि मात्र उक्त रकम उपलब्ध गराउन थालिएको हो ।
- स्थानीय शान्ति समितिहरुले स्थानीय स्तरमा शान्ति तथा पुननिर्माण मन्त्रालयको सम्पर्क विन्दु (Focal Point) को रुपमा कार्य गर्दै आएका छन ।

## २.७. शिविर व्यवस्थापन

शिविर व्यवस्थापनको कार्य सम्पन्न भै मिति २०६९ माघ १ गतेबाट शिविर व्यवस्थापन कार्यालयहरु खारेज भएका छन् ।

विस्तृत शान्ति सम्झौता पश्चात् २०६३ मंसिर देखि २०६९ चैत्र २० गतेसम्म माओवादी सेनाका लडाकुहरुको व्यवस्थापन सम्वन्धमा भएको खर्चको विवरण यस प्रकार रहेको छ ।

## (क) शिर्षकगत कूल खर्च :

| सि.नं. | विवरण | खर्च | कैफियत |
|---|---|---|---|
| १ | भरणपोषण खर्च | २,७६५,६१४,९६२.०० | |
| २ | मासिक भत्ता खर्च | ५,८८८,६७३,७४६.६३ | |
| ३ | पूर्वाधार निर्माण खर्च | २७१,००३,०१७.०० | |
| ४ | अन्य खर्च | २७३,७१०,५६७.६९ | |
| ५ | मा. कृष्ण बहादुर महरा मार्फत खर्च | ४६१,०६७,२००.०० | |
| ६ | प्रशासनिक खर्च | १३६,८१०,८०४.०९ | |
| | **जम्मा** | **९,७९६,८८०,२९७.४१** | |

**(ख) शान्तिकोष तर्फ (भरणपोषण बाहेक आ.ब. २०६३/६४ देखि २०६९/७० सम्मको) :**

| सि.नं. | विवरण | खर्च | कैफियत |
|---|---|---|---|
| १ | सडक | ७४३,१५४,०००.०० | सडक विभागबाट |
| २ | खानेपानी | ३४,१४६,०००.०० | खानेपानी तथा ढल निकास विभागबाट |
| ३ | भौतिक संरचना निर्माण | ४११,०३५,०००.०० | भवन विभागबाट |
| ४ | स्वास्थ्य | ३३१,१५०,०००.०० | |
| ५ | विद्युत | २५,३३०,०००.०० | विद्युत प्राधिकरणबाट |
| | **जम्मा** | **१,५४४,८१५,०००.००** | |

**(ग) लडाकुहरुको समायोजन तथा पुनःस्थापन तर्फ :**

- माओवादी सेनाका कुल १९,६०२ लडाकुहरुमध्ये दुई चरणको प्रमाणीकरण पश्चात् १७,०५२ (१ जना मृत्यु) कायम रहेका ।
- प्रमाणीकरण भएका माओवादी सेनाका लडाकुहरु मध्ये १,४६० जना नेपाली सेनामा समायोजन भएका, ६ जना पुनःस्थापन र १५,५८५ जना स्वेच्छिक अवकाशमा गएका ।
- माओवादी लडाकु तर्फको जम्मा खर्च रु. १९,६०,०१,०८,०००।- (शिविर तर्फ रु. ११,३४,१६,९५,०००।- र विशेष समितिको सचिवालय तथा स्वेच्छिक अवकाश समेत रु. ८,२५,८४,१३,०००।-) ।

## २.८. छात्रवृत्ति प्रदानतर्फ

शिक्षा मन्त्रालय, जिल्ला शिक्षा कार्यालय मार्फत द्वन्द्व पीडित बालबालिकाहरुलाई वार्षिक रु. १० हजार देखि १६ हजारसम्म निम्नानुसार छात्रवृत्ति प्रदान भइरहेको छ ।

| क्र.सं. | तह | छात्रवृत्तिको दर रु. | छात्रवृत्ति प्राप्त गर्ने विद्यार्थीको संख्या | कूल रकम | कैफियत |
|---|---|---|---|---|---|
| १ | प्रा.वि. | १०,००० | ४,०३६ | ४०,३६०,००० | आ.व. ०६९/७० को असार मसान्त सम्मको विवरण |
| २ | नि.मा.वि. | १२,००० | २,५१६ | ३०,१९२,००० | |
| ३ | मा.वि. | १४,००० | १,१०६ | १५,४८४,००० | |
| ४ | उच्च मा.वि. | १६,००० | ६०० | ९,६००,००० | |
| | | **जम्मा** | **८,२५८** | **९५,६३६,०००** | |

**समाप्त**